# देवाही गोनाही नगरपालिकाको विनियोजन विधेयक, २०८३

(देवाही गोनाही नगरपालिकाको आर्थिक बर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८३)

वि.सं. २०८३ को विधेयक नं. २

**प्रस्तावनाः**

देवाही गोनाहीन गरपालिकाको आर्थिक बर्ष २०८३।८४को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम देवाही गोनाही नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम " देवाही गोनाही नगरपालिकाको विनियोजन ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२. **परिभाषाः**

(क) "नगर सभा"भन्नाले देवाही गोनाही नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका"भन्नाले देवाही गोनाही नगरपालिकाको नगर कार्यपालिका लाई सम्झनु पर्दछ ।

(ग) "वडा समिति"भन्नाले देवाही गोनाही नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

(घ) "विषयगत शाखा"भन्नाले, देवाही गोनाही नगरपालिका अन्तर्गतको शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

(ङ) "सञ्चितकोष"भन्नाले देवाही गोनाही नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

प्रेमलाल साह कानु
नगर प्रमुख
देवाही गोनाही नगरपालिका
प्रेमपुर गोनाही, सिराहा

३. **आर्थिक वर्ष २०८३।८४ को निमित्त सञ्चितकोष बाट रकम खर्च गर्ने अधिकार:**

(१)आर्थिक वर्ष२०८२।८३को निमित्त देवाही गोनाही नगरपालिका नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त **अनुसूची-१**मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकमरु ४७४७६२४२२।५७ अक्षेरपी रु सत्चालिस करोड सत्चालिस लाख बासाठी हजार चार साय बाईस रुपैया सन्ताउन्न पैसा मात्र)मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोष बाट खर्च गर्न सकिनेछ ।

४. **विनियोजन:**(१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०८३।०८४को लागि देवाही गोनाही नगरपालिका, नगर कार्यपालिका, वडा समितिर विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनै मान पुगहुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी, कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च गर्न सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

प्रेमलाल साह कानु
नगर प्रमुख
देवाही गोनाही नगरपालिका
प्रेमपुर गोनाही, रौतहट

(दफा३ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचितकोषबाट विनियोजन हुने रकम

रु हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | | नगर स्तरीय | १२२९२८ | ७१४८४ | १९४४१२ |
| २ | | वडा स्तरीय | १३२५० | ४८८०० | ६२०५० |
| ३ | | विषयगतशाखा स्तरीय (ससर्त) | १८०७०० | ३७६०० | २१८३०० |
| | | जम्मा | ३१६८७८ | १५७८८४ | ४७४७६२ |

प्रेमलाल साह कानु
नगर प्रमुख
बेयाहीं गोनाही नगरपालिका
प्रेमपुर गोनाही, रौतहट